# संवत् २०८० साल माघ ०८ गते बसेको कार्यपालिकाको ९ औं बैठकका निर्णयहरु:

बैठकका प्रस्तावहरू:

१. अघिल्लो कार्यपालिका वैठकको समिक्षा सम्बन्धमा।
२. स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन (LISA) प्रतिवेदन अनुमोदन सम्बन्धमा।
३. विशेष अनुदान सम्बन्धमा।
४. कर्मचारी आचारसंहित सम्बन्धमा।
५. विविध सम्बन्धमा।

बैठकका निर्णयहरु:

१. अघिल्लो कार्यपालिका वैठकको समिक्षा गर्ने।
२. स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन (LISA) को जिल्ला समन्वय समितिबाट आएको पृष्ठपोषण उपर छलफल गरी प्रतिवेदन सार्वजनिकका लागि प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवार दिने।
३. विशेष अनुदान सम्बन्धमा: यस लुङ्ग्री गाउँपालिकाको विशेष अनुदान सम्बन्धि देहाय बमोजिम कार्यक्रम ब्रेकडाउन गरी कार्यन्वयन गर्ने:

| क सं | योजनाको नाम | लागत रु | योजना सम्पन्न हुने स्थान |
|---|---|---|---|
| १ | सामुदायिक स्वास्थ्य इकाई भवन निर्माण | २५,००,०००/- | लुङ्ग्री ३ सिम्लेनी |
| २ | सामुदायिक स्वास्थ्य इकाई भवन निर्माण | २५,००,०००/- | लुङ्ग्री ४ सालडाँडा |
| ३ | सामुदायिक स्वास्थ्य इकाई भवन निर्माण | २५,००,०००/- | लुङ्ग्री ६ तल्लो गुम्चाल |
| ४ | सामुदायिक स्वास्थ्य इकाई भवन निर्माण | २५,००,०००/- | लुङ्ग्री २ तल्लोसिर्प |
| ५ | बर्थिङ सेन्टरहरुमा प्लासिन्टा पिट निर्माण | १,८०,०००/- | लुङ्ग्री ०३,जुतुङखोला |
| ६ | बर्थिङ सेन्टरहरुमा प्लासिन्टा पिट निर्माण | १,८०,०००/- | लुङ्ग्री ०४,नम्जा |
| ७ | बर्थिङ सेन्टरहरुमा प्लासिन्टा पिट निर्माण | १,८०,०००/- | लुङ्ग्री ०१, ऐपे |
| ८ | बर्थिङ सेन्टरहरुमा प्लासिन्टा पिट निर्माण | १,८०,०००/- | लुङ्ग्री ०७,छहेखुङ |
| ९ | बर्थिङ सेन्टरहरुमा प्लासिन्टा पिट निर्माण | १,८०,०००/- | लुङ्ग्री ०१, पाङ |
| १० | स्वास्थ्य संस्थामा DHS²/eELMIS सञ्चालनको लागी कम्प्युटर खरिद | ६,००,०००/- | |
| ११ | ऐपे बर्थिङ सेन्टर मर्मत तथा घेरबार | ५,००,०००/- | लुङ्ग्री १ ऐपे |
| १२ | नम्जा बर्थिङ सेन्टर मर्मत तथा घेरबार | २,००,०००/- | लुङ्ग्री ४ नम्जा |
| १३ | गुम्चाल बर्थिङ सेन्टर मर्मत तथा घेरबार | ३,००,०००/- | लुङ्ग्री ६ गुम्चाल |
| १४ | पाङ बर्थिङ सेन्टर मर्मत तथा घेरबार | १,००,०००/- | लुङ्ग्री १ पाङ |
| १५ | हार्जङ स्वास्थ्य चौकी घेराबार | ६,००,०००/- | लुङ्ग्री ७ हार्जङ |
| १६ | स्वास्थ्य प्रोफाइल निर्माण | ८,००,०००/- | |
| १७ | बर्थिङ सेन्टर लगायत स्वास्थ्य चौकीहरुमा फर्निचर, फ्रिज लगायत स्वास्थ्य सामग्री खरिद | ८,००,०००/- | |
| १८ | म.स्वा.स्व.से. लगायत स्वाथ्य आमा समुहमा प्रजनन स्वास्थ्य,पोषण लगायत असल खानपान सम्बन्धि अभिमुखिकरण | २,००,०००/- | |
| | कुल जम्मा | १५०,००,०००/- | |

लुङग्री गाउकार्यपालिकाको वैठक मिति २०८०/१०/०८ वैठक संख्या: ९

४. समसामयीक विषयका सम्बन्धमाः

(क) संघीय सरकारको मृगौला प्रत्यारोपन गरेका, डाइलासिस गरिरहेका, क्यान्सर रोगी र मेरुदण्ड पक्षघातका बिरामीलाई उपचार खर्च उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०७८ बमोजिम यस गाउँपालिकामा गत आ.ब. २०७९/०८० मा निवेदन प्राप्त भएका बिरामीको उपचार खर्चको भुक्तानी चालु आ.ब. २०८०/०८१ को श्रावण १ गतेदेखि लागू हुने गरी र चालु आ.ब.मा निवेदन प्राप्त भएका बिरामीको उपचार खर्चको भुक्तानी निवेदन प्राप्त भएको अर्को महिनादेखि लागि हुने गरी सामाजिक/आर्थिक सहायता खर्च शिर्षकबाट मासिक रु ५०००/-(अक्षरेपी पाँच हजार) का दरले हाललाई एकमुष्ट र त्यसपछि त्रैमासिक रुपमा भुक्तानी दिई संघीय सशर्त अनुदानबाट शोधभर्ना माग गर्ने।

(ख) आर्थिक सहायक कार्यविधिको दफा ३ मा १ लाख भन्दा बढी उपचार खर्च आउने अन्य बिरामीको लागि अस्पतालको आधिकारिक अनलाइन बिलको आधारमा सहायता उपलब्ध गराउने भन्ने बाक्य समावेश गरि उक्त कार्यविधि संशोधन गर्ने।

(ग) गाउँपालिकाको क्षेत्र भित्रका अटो दर्ताको लागि सुचना प्रकाशन गर्न प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवारी दिने।

(घ) लुङ्ग्री गाउँपालिकाको स्थानीय राजपत्र छपाई तथा वितरणका लागि सम्पर्क व्यक्तिको रुपमा रोजगार संयोजक श्री सुन्दर बहादुर घर्तीलाई तोक्ने।

(ङ) लुङ्ग्री गाउँपालिका वडा नं ६ स्थित तल्लो गुम्चालमा सामुदायिक स्वास्थ्य इकाई केन्द्रको स्थापना गर्ने।

(च) लुङ्ग्री गाउँपालिकाका कर्मचारीरहरुको आचारसंहिता, २०८०को दफा २९ वमोजिम देहायको अनुगमन समिति गठन गर्नेः

| | | |
|---|---|---|
| संयोजक | संथागत विकास सेवा प्रवाह र सुशासन समितिको संयोजक | |
| सदस्य | गौना बिष्ट | कार्यपालिका सदस्य |
| सदस्य सचिव | गणेश बहादुर बिष्ट क्षेत्री | प्रशासन शाखा प्रमुख |

निर्णय प्रमाणित गरिएको छ।